बैठक नं.६६

आज मिति २०७७/०६/१३ गतेका दिन बुटवल उप-महानगरपालिकाका प्रमुख श्रीमान शिवराज सुवेदीज्यूको अध्यक्षता र देहायका कार्यपालिकाका सदस्यज्यूहरुको उपस्थितिमा निम्न प्रस्तावमा छलफल गरी निर्णय लिनका लागि नगर कार्यपालिकाको बैठक बसियो ।

समय : दिनको १:०० बजे ।

स्थान : नगर कार्यपालिकाको भवन ।

## उपस्थिति

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | शिवराज सुवेदी | प्रमुख | |
| २ | गुमा देवी आचार्य | उप-प्रमुख | |
| ३ | महेन्द्र प्रसाद लिगल | सदस्य | |
| ४ | रमेश प्रसाद नेपाल | सदस्य | |
| ५ | लाल प्रसाद वस्याल | सदस्य | |
| ६ | टंक प्रसाद पराजुली | सदस्य | |
| ७ | तेज बहादुर सुनार | सदस्य | |
| ८ | जगदिश चन्द्र आचार्य | सदस्य | |
| ९ | कमल प्रताप थापा | सदस्य | |
| १० | भिम बहादुर श्रेष्ठ | सदस्य | |
| ११ | विष्णु बहादुर थापा | सदस्य | |
| १२ | पदम बहादुर थापा | सदस्य | |
| १३ | रामचन्द्र क्षेत्री | सदस्य | |

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १४ | दुर्गा प्रसाद सुवेदी | सदस्य | |
| १५ | नारायण प्रसाद पुन | सदस्य | |
| १६ | दधिराम न्यौपाने | सदस्य | |
| १७ | डम्मर बहादुर भण्डारी | सदस्य | |
| १८ | राम प्रसाद रेग्मी | सदस्य | |
| १९ | सन्त बहादुर राना | सदस्य | |
| २० | हुमनाथ आचार्य | सदस्य | |
| २१ | हिम बहादुर खत्री | सदस्य | |
| २२ | डिल प्रसाद नेपाली | सदस्य | |
| २३ | रन्जित शेरचन | सदस्य | |
| २४ | माया देवी वराल (विश्वकर्मा) | सदस्य | |
| २५ | बिमला श्रेष्ठ | सदस्य | |
| २६ | सिता कुमारी थापा | सदस्य | |
| २७ | शुष्मा कुमारी अर्याल | सदस्य | |
| २८ | विष्णु कुमारी शर्मा | सदस्य | |
| २९ | चक्रपाणि शर्मा | प्रमुख प्रशासकीय अधिकृत | |

चित बहादुर गुरुङ - का.वा. वडाध्यक्ष-३

**प्रस्ताव नं.६६.१**
**हाटवजार सपिङ कम्प्लेक्सको वहाल वन्दोवस्ती सम्वन्धमा ।**
**निर्णय नं.६६.१**

सार्वजनिक निजी साझेदारी अवधारणामा (निर्माण, संचालन र हस्तान्तरण) निर्माण भई संचालनमा रहेको बुटवल उपमहानगरपालिका वडा नं. ५ स्थित हाटबजार सपिङ्ग कम्प्लेक्सको भुई तल्लाका सटरहरु सहितको संरचना यहि मिति २०७७ कार्तिक मसान्तमा साझेदार निर्माणकर्ता एवं संचालक शेर्पा टि निर्माण सेवाले यस पालिकालाई हस्तान्तरण गर्नुपर्ने गरी भएको संझौताको म्याद समाप्त हुदैछ ।

मिति २०७७।८।१ बाट उक्त भवन संरचना यस पालिकाको Possession Right र Ownership Right मा रहने उक्त भवन र निर्मित संरचनामा साझेदार पक्षसँगको संझौता/सहमतिमा सटर बहालमा लिई व्यवसाय गरी आएका व्यवसायीहरुले विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरसको संक्रमणका कारण आर्थिक क्षेत्र (व्यावसायिक क्षेत्र) मा परेको असरलाई विचार गरी खुल्ला प्रतिस्पर्धा विना हाल बसी आएका व्यवसायीहरुसँग सोझै संझौताका लागि अनुरोध माग गरी आउनु भएको छ । व्यवसायीहरुको माग बमोजिम संझौता गर्न मिल्ने नमिल्ने सम्बन्धमा प्रचलित कानूनी व्यवस्था हेर्दा हाल उल्लेखित संरचना/सटरमा व्यवसाय गरी आएका व्यवसायीहरुसँग पालिकाले संझौता गरी व्यवसाय गरेको नभई संचालकसँग संझौता गरी आएको अवस्थामा विशेष परिस्थिति भनी यस पालिकाले तत तत व्यवसायीको म्याद थप गर्न कानूनसम्मत नदेखिने तथा विशेष परिस्थिति भनी साझेदार संचालककै म्याद थप गर्दा पालिकालाई ठूलो आर्थिक नोक्सानी पर्ने हुँदा साझेदार पक्षको म्याद थप गर्न समेत उचित हुने देखिदैन । प्रचलित कानूनी व्यवस्था समेतको आधारमा प्रतिस्पर्धात्मक विधि अवलम्वन गर्नुपर्ने भनी कानूनी सल्लाहकारबाट परामर्श प्राप्त भएको र प्रतिस्पर्धात्मक विधि पारदर्शी तथा समानतामा आधारित हुने देखिएकाले राजश्व परामर्श समितिबाट ५ बर्षको समयावधि राखि उल्लेखित संरचनाको न्यूनतम अंक समेत सिफारिस भई आएको सन्दर्भ समेतलाई विचार गरी देहाय बमोजिम गर्ने गरी ५ बर्षे अवधि तोकी प्रत्येक सटरलाई प्रतिस्पर्धात्मक विधि अवलम्वन गरी आय वन्दोवस्ती गर्ने निर्णय गरियो ।

१.न्यूनतम मूल्यांकनका आधारहरु

-उल्लेखित सपिङ कम्प्लेक्सको सँगै रहेको उत्तर तर्फ रहेको भवनको पूर्वी मोहडामा रहेका सटरहरुको न्यूनतम र अधिकतम हालको बहाल रकम ।

-सोही संरचनाको माथिल्लो तल्लामा रहेको व्यावसायिक सटरको अधिकतम र न्यूनतम हालको बहाल रकम ।

(क) पूर्वतर्फ मोहडा भएका सटरहरुको पुरानो भवनका सटरहरुको बहाल रकम ।
अधिकतम रु.२९४८४।- न्यूनतम रु.१०३३४ को औसत रु.१९९०९ हुने हुदा पूर्व मोहडा र वडा नं.५ को वडा कार्यालय रहेको भवनको उत्तर मोहडा भएको सटरको प्रति सटर न्यूनतम मासिक बहाल रकम रु.२०००० मासिक कायम गर्ने ।

(ख) सोही भवनको माथिल्लो तल्लामा रहेका सटरहरुको ।
अधिकतम रु.१५२०० न्यूनतम रु.१०००० को औसत रु.१२६०० हुने हुँदा पश्चिम मोहडा र भऱ्याङको भागमा रहेका सटरहरुको प्रति सटर रु.१२६००।- कायम गर्ने ।

-सूचना प्रकाशित गर्दा हाल सोही सटर बहालमा लिई व्यवसाय गरेको व्यवसायीले गरेको कवोल अंक र अन्य प्रतिस्पर्धीले कवोल गरेको अंक समान भएमा पहिला देखि व्यवसाय गरी आएको व्यवसायीको वोलपत्र स्वीकृत गर्ने गरी प्राथमिकतामा राख्ने व्यवस्था मिलाउने ।

**प्रस्ताव नं.६६.२**
**बन्दावन्दीमा सटर वहाल रकम छुट दिने सम्बन्धमा ।**
**निर्णय नं.६६.२**

वुटवल उप महानगरपालिकावाट विभिन्न सटर/कोठाहरु वहाल संझौता गरी प्रयोगका लागि विभिन्न व्यक्ति/फर्महरुलाई दिइएको छ । सम्झौतामा उल्लेख भएका प्रावधान वमोजिम नियमित रुपमा सटर कोठाहरुको वहाल नियमित रुपमा भुक्तानी गर्नुपर्नेमा केही व्यवसायीहरुको लामो समयदेखि वहाल वक्यौता रहिरहेको र नियमित वहाल भुक्तानी गर्नेहरुको समेत लामो समयको वन्दावन्दीका कारण पछिल्लो समयमा वहाल नियमित गर्न नसकेकोले विभिन्न मितिमा वहाल छुट सहुलियतका लागि माग समेत भै आएको सन्दर्भमा राजश्व परामर्श समितिको सिफारिश समेतका आधारमा कर तथा गैर कर राजश्व ऐन, २०७७ को दफा २७ ले दिएको अधिकार प्रयोग गरी देहाय बमोजिम गर्ने निर्णय गरियो ।

क) न.पा.बाट सम्पत्ति वहालमा लगाइएका सटर/कोठाहरुको २०७७ असार मसान्तसम्मको वहाल वक्यौता २०७७ असोज मसान्तसम्ममा चुक्ता गरेमा हालसम्मको जरिवाना छुट गर्ने र थप १ महिना (नगर सभाले तोकेको १ महिना समेत २ महिना) वहाल छुट गरी वक्यौता असुलीलाई प्राथमिकता दिने ।

ख) २०७७ असोज मसान्तसम्ममा २०७७ असार मसान्तसम्मको वक्यौता चुक्ता नगर्ने व्यवसायीहरुको सटर खाली गराउने र सरकारी वांकी सरह असुल उपर गर्ने प्रकिया अगाडि वढाउने ।

ग) शेर्पा टि निर्माण सेवाद्धारा निर्माण संचालन भैरहेको हाटवजार सपिङ्ग कम्प्लेक्सको वहाल छुट, म्याद थप सम्बन्धी निवेदन माग भएकोमा सो कम्पनीले व्यवसायीहरुलाई २ महिनाको भाडा मिनाहा गरी पेश गरेपछि नगरपालिकाले निज कम्पनीसँग लिएको वहाल रकमको २ महिना वरावरको रकम फिर्ता दिने ।

**प्रस्ताव नं.६६.३**
**अटो भिलेज क्षेत्रमा गैर अटो व्यवसायीको वहाल दर तथा सम्झौता सम्बन्धमा ।**
**निर्णय नं.६६.३**

वुटवल उप महानगरपालिकाको स्वामित्वमा रहेको अटो भिलेज क्षेत्रमा कतिपय गैर अटो व्यवसायहरु संचालनमा रहेको र उक्त क्षेत्र अटो भिलेजकै रुपमा दीर्घकाल सम्म संचालन गर्नका लागि अटो व्यवसायलाई उक्त क्षेत्रमा प्रोत्साहित गर्नुपर्ने देखिन्छ । अटो क्षेत्रमा विभिन्न कारणले केही वर्षदेखि रोकिएको वहाल सम्झौता २०७६/०७७ देखि शुरु भएको सन्दर्भमा अटो वाहेकका चमेनागृह, किराना पसल लगायत विविध सेवाका गैर अटो व्यवसायको हकमा वहाल संझौता गर्दा राजश्व परामर्श समितिवाट सिफारिश भै आए वमोजिम देहाय वमोजिमका विषयहरु समावेश गर्ने निर्णय गरियो ।

क) मासिक वहाल रकम प्रतिधुर रु.२००/०० तोक्ने (२०७६/०७७ देखि नै लागु हुने) । दायित्व परिवर्तन गर्दा अनिवार्य रुपमा अटो व्यवसायलाई मात्र गर्नुपर्नेछ । तर दायित्व परिवर्तन भई अटो व्यवसायले वहाल लिएमा साविक अटो व्यवसायी सरह वहाल रकम कायम हुनेछ ।

ख) वहालवालाले आफ्नो सटर अन्य व्यक्ति/फर्मलाई प्रयोग गर्न दिनुपरेमा अटो व्यवसाय बाहेक अन्य व्यवसायलाई दिन पाइनेछैन ।

ग) सम्झौता बमोजिम व्यवसाय संचालन नभएमा प्रथम पक्षले समय सीमा तोकेर हटाउन सकिने ।

घ) मापदण्ड विपरीत वनेका संरचनाहरु हटाउन लगाउन सक्नेछ । हटाउन दिएको आदेश कार्यान्वयन गर्ने दायित्व दोस्रो पक्ष वहालवालाको हुनेछ ।

ङ.) फोहर व्यवस्थापन र खानेपानी महसुल अर्को व्यवस्था नभए सम्म अटो इन्जिनियरिङ एशोसिएसनले गर्ने र सम्झौताका अन्य शर्तहरु अटो व्यवसायी सरह व्यवस्थापन गर्ने ।

**प्रस्ताव नं.६६.४**

**कृषि उपज केन्द्रको व्यवस्थापन सम्बन्धमा ।**

**निर्णय नं. ६६.४**

बुटवल ६ स्थित तरकारी तथा फलफूल थोक बजार(कृषि उपज केन्द्र) को त्रिपक्षीय सम्झौताको म्याद समाप्त भएको, अर्को कृषि उपज केन्द्रको निर्माण नभएको, कृषि उत्पादनको बजारीकरण, उक्त केन्द्र मार्फत् आयात प्रतिस्थापनमा पुऱ्याएको योगदान, नेपाल सरकार, प्रदेश सरकार तथा यस नगरपालिकाले कृषि क्षेत्रलाई दिएको प्राथमिकता र कोभिड-१९ का कारण आर्थिक क्षेत्रलाई परेको प्रतिकूल असर समेतलाई विचार गरी उक्त कृषि उपज केन्द्रको नियमित संचालन व्यवस्थापनका सम्वन्धमा कार्यालयवाट अध्ययन गरी प्रतिवेदन पेश गर्न वित्त व्यवस्थापन महाशाखा प्रमुखलाई निर्देशन दिएकोमा निजले पेश गरेको प्रतिवेदन मिति २०७७/०६/१२ गतेको राजश्व परामर्श समितिको बैठकमा पेश भई सो समितिवाट सिफारिस भए अनुसार हाल देहाय बमोजिम गर्ने गरी कार्यान्वयन गर्न बुटवल कृषि उपज केन्द्र वजार संचालक समितिलाई निर्देशन दिने निर्णय गरियो ।

देहाय,

(क) त्रिपक्षिय संम्झौताको म्याद समाप्त भएको अवस्थामा कृषि उपज केन्द्रको संचालन ब्यबस्थापन कसरी गर्ने भन्ने सम्बन्धमा स्पष्ट हुन जरुरी देखिन्छ । नेपाल सरकारले कृषि उत्पादन र बजारीकरणका माध्यमबाट समृद्धि हासिल गर्ने लक्ष्य लिएको छ । स्वदेशी कृषि उत्पादनलाई बजारीकरण गर्ने भरपर्दो माध्यम कृषि उपज केन्द्र रहेको छ । संम्झौता समाप्त भएको अवस्थामा समेत अर्को बैकल्पिक कृषि उपज केन्द्र निर्माण एंबम संचालन नहुदा सम्म सो केन्द्रको बैकल्पिक उपयोगको बारेमा सोच्ने बिषय सरकारले लिएको नीति, बुटवल उपमहानगरले कृषि क्षेत्रलाई दिएको प्राथामिकता र बिगतमा यसको आबश्यकता र औचित्य महशुस गरी भएको संम्झौता, बर्तमान अबस्थामा आई पुग्दा यस केन्द्रले आयात प्रतिस्थापनमा पुर्याएको योगदान र तत्कालिन अबस्थामा यसको दीर्घकालिन अबसरका बारेमा गरिएको बिश्लेषण र निर्माणको मर्म बिपरीत हुने हुदा तत्काललाई अर्को बैकल्पिक सुबिधा सम्पन्न कृषि उपज केन्द्रको निर्माण नहुदा सम्म बर्तमान कृषि उपज केन्द्रलाई थप प्रभाबकारी बनाई स्बदेशी कृषि उत्पादनको बजारीकरण गर्ने तरकारी तथा फलफुलको कारोबारको केन्द्र बनाउदै लैजानु पर्ने देखिन्छ ।

(ख) त्रिपक्षिय संम्झौताका आधारमा हेर्दा उक्त सम्झौताको म्याद समाप्त भएको अबशथामा यस पालिकाले उक्त संरचनालाई आफु अनुकुल संचालन गर्न सकिने जस्तो देखिएता पनि उक्त संरचना कृषकको उत्पादनको बजारीकरणलाई सहयोग गर्ने कार्यक्रम अन्तर्गत नेपाल सरकारबाट लगानी भएको शन्दर्भमा तत्काल अन्य उपयोगमा ल्याउन नीति अनुकुल हुने देखिदैन । संम्झौता बमोजिम म्याद समाप्त भएको अबस्थामा सोही प्रयोजनमा ल्याउने गरी प्रतिस्पर्धात्मक बिधिबाट बहाल ब्यबस्थापन गर्ने कुराले उक्त कुरालाई पुष्टी गरेकै छ । विश्वब्यापी रुपमा फैलिएको कोरोना भाईरसबाट सामाजिक आर्थिक क्षेत्रमा परेको प्रतिकुल असर कृषि उपज बजार केन्द्रमा पनि परेको, आर्थिक क्षेत्रले राहतको अपेक्षा गरी रहेको र संचालन ब्यबस्थापनका सम्बन्धमा नेपाल सरकार सँग समन्वय गरी नीतिगत स्पष्टता समेत भई नसकेको अबस्थामा अबधि किटान गरी बहाल बन्दोबस्ती गर्न कठिनाई रहेको अबस्था समेत छ ।

अतः त्रिपक्षिय सहमति एबम संम्झौता बाट निर्माण एबम संचालनमा रहेको कृषि उपज केन्द्र नेपाल सरकारसँगको समन्वयमा मात्र यसको संचालन ब्यबस्थापन गर्नु शान्दर्भिक हुने र हाल मुलुकको ध्यान बिश्वब्यापी रुपमा फैलिएको कोभिड १९- को संक्रमण रोकथाम, नियन्तण र ब्यबस्थापनमा रहेका कारण अनुकुल समयमा यस सम्बन्धमा नेपाल सरकार सँग समन्वय गरी दीर्घकालिन संचालन ब्यबस्थापन मिलाउने गरी हाल बर्तमान अबस्था कै ब्यवस्थापनबाट देहाय बमोजिम गर्ने गरी संचालनलाई निरन्तरता दिन उपयुक्त देखिन्छ ।

क. हाल कृषि उपज बिक्री बितरणका लागि प्रयोगमा आएका जम्मा सटरहरु मध्ये कम्तीमा १०% सटर कृषक समुह कृषि सहकारीहरुका लागि आरक्षित गर्ने। आरक्षित मध्ये कम्तीमा एक सटर अर्गानिक उत्पादन बिक्री बितरणका लागि व्यवस्था मिलाउने ।

ख. लुम्बिनी फलफुल तथा तरकारी ब्यबसायी संघमा आबद्ध भई निर्माणका लागि लगानी गर्ने देखि हालसम्म निरन्तर रहेका संस्थापक ब्यबसायीहरुलाई भाडादर समायोजन गर्ने गरी कम्तीमा १/१ वटा सटर उपलब्धताको सुनिश्चितता प्रदान गर्ने ।



Y

ग. बिगत देखि सम्झौतामा उल्लेखित अनिवार्य बचतकोषमा जम्मा हने रकम मध्ये २०७७/०६/०१ देखि लागु हुने गरी जम्मा हुने मासिक बचतको ५०% रकम उपमहानगरपालिका क्षेत्र भित्र कृषि उत्पादन कृषिको बजारीकरण र हाट बजारको विकासमा मात्र खर्च गर्ने गरी न.पा.को संचितकोषमा जम्मा गर्ने व्यवस्था मिलाउने र प्राप्त रकम सोही शीर्षकमा मात्र खर्च गर्ने ।

घ. बहाल भाडा दरमा पुनरावलोकन गर्दा कृषि उपज केन्द्रमा रहेका सबै व्यवसायीहरुको भाडा दरमा एकरुपता ल्याउने गरी भाडादर कायम गर्न सहमति प्रदान गर्ने र कृषि समुह र कृषि सहकारीका लागि आरक्षित सटरको भाडा उल्लेख भए बमोजिमको दरमा २५% कम कायम गर्ने ।

ङ कृषि समुह कृषि सहकारीहरु सँग सम्झौता गर्दा निश्चित मापदण्ड बनाई कृषकको उत्पादन खरिद गर्ने सुनिश्चितताका आधारमा बहाल बन्दोबस्ती गर्ने ।

च.PACT परियोजना अर्न्तगत बनेका थप तल्लाको भाडा रकमको कम्तीमा ७५% रकम न.पा.मा जम्मा गर्ने व्यवस्था मिलाउने ।

छ.भाडादर निर्धारण बृद्धि असुली र केन्द्रको व्यवस्थापकिय प्रबन्ध संचालन व्यवस्थापन यसमा लेखिए देखि बाहेक बिगत बमोजिम कै संचालन ब्यबस्थापनमा नेपाल सरकारबाट जारी भएका नीति, निर्देशिका, कार्यबिधि एंबम बिगतमा गरिएको त्रिपक्षिय सम्झौता बमोजिम नै गर्ने गरी संचालन ब्यवस्थापन मिलाउन हाल अर्को ब्यवस्था नभए सम्मका लागि कृषि बजार उपज केन्द्रलाई सहमति प्रदान गर्ने ,

**प्रस्ताव नं.६६.५ विविध ।**
**सम्मान सम्बन्धमा ।**
**निर्णयः ६६.५.१**

यस बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालयका प्रमुख प्रशासकीय अधिकृत श्री चक्रपाणी शर्माज्यू संविधान दिवस-२०७७ को अवसरमा मुलुकभरका ७५३ पालिकाका प्रमुख प्रशासकीय अधिकृतहरु मध्येबाट “प्रवल जनसेवा श्री” पदकबाट सम्माननीय राष्ट्रपतिज्यूबाट सम्मानित हुनु भएकोमा उक्त सम्मानले यस बुटवल उपमहानगरको काम कारवाहीका सन्दर्भमा देशभर सकारात्मक सन्देश प्रवाह भई नगरको शिर उचो भएको हुँदा प्रमुख प्रशासकीय अधिकृतज्यूलाई हार्दिक बधाई ज्ञापन गर्दै आगामी दिनको लागि थप कार्यकुशलता र वृत्ति विकासका लागि यो वैठक शुभकामना व्यक्त गर्दछ ।

**प्रस्ताव नं. ६६.५.२**
**विपद व्यवस्थापन सम्बन्धमा ।**
**निर्णयः ६६.५.२**

यहि ०७७ असोज महिनाको ४ गते देखि ११ गतेसम्म परेको अविरल वर्षातका कारण नगर भित्र ठूलो जनधनको क्षति भएको छ । उक्त बर्षातका कारण नगर भित्रका विभिन्न स्थानहरुमा भएको क्षतिको विवरण र तत्काल गर्नुपर्ने कार्यहरु समेत सम्बन्धित वडाहरु मार्फत माग गर्ने । वाढीले क्षति पुगेको र तत्काल नियन्त्रण एवं मरमत नगर्दा जनधन र निर्माण भएको संरचनामा थप हानी समेत पुग्ने अवस्था भएमा उपमहानगरपालिकाबाट जाली उपलब्ध गराई जनश्रमदानबाट जाली भर्ने लगायतका आवश्यक कार्यहरु गर्ने व्यवस्था मिलाउने । तत्काल गर्नुपर्ने विपदसँग सम्बन्धित स-साना आयोजनाहरुमा वडास्तरीय विपद व्यवस्थापन कोष परिचालन गर्ने र सिमित बजेटले कार्यान्वयन हुन नसक्ने प्रकृतिका आयोजनाहरुको हकमा प्रदेश सरकारसँगको सहकार्यमा कार्यान्वयनका लागि उपमहानगरपालिकामा लेखि पठाउने व्यवस्था सम्बन्धित वडा कार्यालयहरुले मिलाउने ।

**प्रस्ताव नं.६६.५.३**
**समवेदना सम्बन्धमा ।**
**निर्णय: ६६.५.३**
बुटवल उपमहानगरपालिका वडा नं.२ निवासी लामो समयदेखि शिक्षण पेशामा आवद्ध शिक्षाप्रेमी, समाजसेवी, बुटवल उपमहानगरपालिकाको नगर शिक्षा योजना निर्माणमा महत्वपूर्ण नेतृत्वदायी भुमिका खेल्नुभएका वौद्धिक व्यक्तित्व श्री छवि नेपालको मिति २०७७।०६।०४ गतेका दिन कोरोना भाइरस (कोभिड-१९) संक्रमणको कारण असामयिक निधन भएको हुँदा मृतक छवि नेपालले शिक्षा क्षेत्रमा यस नगरलाई पुऱ्याएको योगदानको उच्च मूल्यांकन गर्दै यो वैठक दिवंगत आत्माको चिरशान्तिको लागि कामना गर्दै उहाँप्रति हार्दिक श्रद्धान्जली व्यक्त गर्दछ । उक्त दुखद घटनाबाट प्रताडित शोक सन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति मिलोस भन्ने कामनाका साथ कोरोना भाईरसको संक्रमणमा परी निधन भएका नगरवासीहरु मंगलामाया बज्राजार्य बुटवल-१, कुलचन्द्र गौतम बुटवल-८, राज कुमार तुलाचन बुटवल-११, तैहिद अन्सारी (अठहल्लाह) बुटवल-५, कमलादेवी बस्याल बुटवल-७, क्षेत्र प्रसाद कालामगर बुटवल-११, युवराज गौतम बुटवल-८, लाल प्रसाद शर्मा बुटवल-१० र मिति २०७७।०६।०९ को अविरल वर्षा र बाढीमा परी जीवन गुमाउने श्री कल्पना कार्की प्रति श्रद्धान्जली व्यक्त गर्दै सबैका परिवारजनमा समवेदना र संक्रमणमा परेका सम्पूर्ण नगरवासीहरुको शिघ्र स्वास्थ्यलाभको समेत कामना गर्ने निर्णय गरियो ।

अन्त्यमा उपस्थित सवैलाई धन्यवाद दिदै प्रमुखज्युवाट वैठक समाप्त भएको जानकारी गराउनु भयो ।